# लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बडाचौर, रोल्पा

पत्र संख्याः २०८१/०८२
सूचना नम्बरः- ३७

लुम्बिनी प्रदेश, नेपाल ।

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/११/०६)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित कार्यक्रम हो । यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरूको साझेदारीमा सञ्चालित छ । कार्यक्रमलाई स्वीस सरकार विकास सहयोग एसडीसीको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ । वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत लुङ्ग्री गाउँपालिकामा मनोसामाजिक परामर्श सेवा तथा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतिकरण कार्यक्रम सञ्चालन गर्नका लागि निम्नअनुसारको जनशक्तिको आवश्यकता परेकोले योग्य नेपाली नागरिकहरूबाट देहाय बमोजिम उल्लिखित पदका लागि दरखास्त आह्वान गरिएको छ ।

१. देहायः

| क्र.सं. | पद | विज्ञापन नं | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता (पाँचौं तह) | ०९/२०८१-८२ | १ (महिला) | ✓ मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोस्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।<br>✓ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएको र सोही क्षेत्रमा कामगरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ ।<br>✓ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>✓ कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा दिइएको प्रश्नको उत्तर नेपाली वा अंग्रेजी भाषामा उल्लेख गर्नु पर्नेछ ।<br>✓ नेपाली र अंग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>✓ नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्नेछ । |
| २ | रिटर्नी स्वयंसेवक | १०/२०८१-८२ | १ | ✓ न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगारी (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>✓ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको लाई प्राथमिकता दिइनेछ।<br>✓ प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।<br>✓ नोटः यो पदको लागि सम्बन्धित स्थानीय तहको हुनु पर्ने छ । |

२०८१/११/०६
चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

२. कार्य अवधिः हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन/मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ ।

३. परीक्षाको किसिमः मनोसामाजिक परामर्श कर्ताको हकमा (लिखित अन्तर्वार्ता र प्रयोगात्मक) र रिटर्नी स्वयंसेवकको हकमा लिखित र अन्तर्वार्ता

४. तलब तथा अन्य सुविधाः कार्यक्रमको नियमानुसार ।

५. आवश्यक कागजातहरुः माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति साथै आफुले आवेदन दिन चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । तोकिएको समयभन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

६. छनौट प्रक्रियाः प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरूलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ । प्रत्येक पदमा अवसरबाट वञ्चितीकरणमा परेका समुदायहरू खासगरी, महिला, दलित, जनजाति, मधेशी तथा अल्पसङ्ख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

७. दरखास्त दिने अन्तिम मितिः २०८१/११/१५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिनेछ । तर आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ ।

२०८१/११/०६

चक्र बहादुर घर्ती
(प्रमुख प्रशासकीय अधिकृत)

चक्र बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत